**मोरंग व्यापार संघ**
पं.मेघराज मार्ग, विराटनगर–९
फोन: ०२१-५२७१७३, फ्याक्स: ५२४७३२
E-mail: mma@mma.org.np

**उद्योग संगठन मोरंग**
शहिद मार्ग, विराटनगर–२
फोन: ०२१-५२५७१२, फ्याक्स: ५२१४४९
E-mail: cim.biratnagar@gmail.com

## आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीति का सम्वन्धमा
## उद्योग संगठन मोरंग र मोरगं व्यापार संघको संयुक्त विज्ञप्ती

कोभिड १९ का कारण विश्व अर्थतन्त्र नै शिथिल भएको र यस भयावह अवस्थावाट हामीपनि अछुतो रहन नसकेको वर्तमान समयमा यस क्षेत्रलाई पुनरजीवन दिई चलायमान वनाउनु राज्य र नीजि क्षेत्र दुवैलाई चूनौतिपूर्ण रहेको स्थितीमा नेपाल राष्ट्र वैंकले मिति २०७७ साल श्रावण ०२ गते आर्थिक वर्ष २०७७/७८ का लागि मौद्रिक नीति सार्वजनिक गरेको छ। मौद्रिक नीतिले उद्योग व्यवसायले उठाउदै आएका मुख्य विषयहरु अर्थतन्त्रमा तरलताको अभाव हुन नदिने, पुनरकर्जाको सुविधा, ऋण र व्याजको किस्ता भुक्तानी अवधी थप गर्नुपर्ने लगायतका विषयहरुमा गरेको व्यवस्थाले यस क्षेत्रलाई केही राहतको अनुभूति भएको छ।

कोरोना प्रभावित उद्योग व्यवसाय क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीमा र रोजगारी गुमाउनेहरुलाई उद्यमशिलता विकासको अवसर दिन वैंक तथा वित्तीय संस्थाहरुवाट ५ प्रतिशत व्याजमा कर्जा उपलब्ध गराउने, अल्पकालीन प्रकृतिका चालुपूँजी कर्जाहरुलाई २०७७ पुस मसान्तसम्म भुक्तानी गर्न सकिने गरी नवीकरण गर्न सक्ने व्यवस्था, कोभिड-१९ वाट प्रभावित भएको पेशा/व्यवसायमा प्रवाह भएका कर्जाको २०७७ असार मसान्तसम्मको साँवाको किस्ता र व्याज रकमलाई क्रमश: २०७७ पुस मसान्तसम्म, २०७७ चैत मसान्तसम्म र २०७८ असार मसान्तसम्ममा भुक्तानी गर्न सक्ने व्यवस्था र अति प्रभावित उद्योग व्यवसायमा रहेको कर्जा भुक्तानीका लागि आवश्यकता अनुसार थप समय प्रदान गर्न सक्ने व्यवस्था सकारात्मक रुपमा रहेको छ।

त्यसैगरी, अर्थतन्त्रलाई पुनरुत्थान गर्न कृषि, उर्जा, पर्यटन तथा घरेलु, साना एवम् मझौला उद्योगमा कर्जा लगानी प्रोत्साहित गर्ने नीति, आर्थिक वर्ष २०७७/७८ देखि वैंक तथा वित्तीय संस्थाले तोकिएका प्राथमिकता प्राप्त क्षेत्रमा गर्नुपर्ने कर्जा लगानी सम्बन्धी व्यवस्थामा परिमार्जन, पुनरकर्जाको पहुँच विकेन्द्रिकरण जस्ता प्रावाधानहरु सकारात्मक रहेका छन।

त्यसैगरी पुनरकर्जाका लागि उपलब्ध कोषको ५ गुणासम्म पुनरकर्जा उपलब्ध गराउने र यस्तो कर्जा निर्यातजन्य उद्योग र रुग्ण उद्योग लगायतका तोकिएका क्षेत्रमा ३, घरेलु तथा साना उद्यममा ५ प्रतिशत र तोकिएका क्षेत्रमा साधारण पुनरकर्जा ५ प्रतिशत व्याजमा उपलब्ध गराउने, ऋणीको आवश्यकता र परियोजना/व्यवसायको सम्भाव्यताको आधारमा २०७६ चैतमा कायम भएको चालु पुँजी कर्जाको सीमामा वढीमा २० प्रतिशतसम्म सम्वन्धित वैंक तथा वित्तीय संस्थाले थप कर्जा प्रवाह गर्नसक्ने व्यवस्था मिलाइने जस्ता व्यवस्थालाई सकारात्मक रुपमा लिईएको छ भने सहुलियतपूर्ण कर्जा कार्यक्रम सरल रुपमा कार्यान्वयन हुने, तोकिएका क्षेत्रमा यस्तो कर्जा ऋणीलाई ५ प्रतिशत व्याजदरमा उपलब्ध हुने, सहुलियतपूर्ण कर्जा प्रवाहमा प्रदेशगत सन्तुलन कायम गर्नुका साथै लक्षित क्षेत्र र वर्गमा कर्जामा पहुँच सुनिश्चित गर्न वाणिज्य वैंकहरु स्पष्ट संख्या तोकि ऋण प्रवाह गर्नु पर्ने प्रावधानले अर्थतन्त्र चलायमान वनाउने उद्योग/व्यवसाय क्षेत्रलाई राहत पुग्ने विश्वास लिईएको छ।

Scanned with CamSca

**मोरंग व्यापार संघ**
पं.मेघराज मार्ग, विराटनगर–९
फोन: ०२१-५२७१७३, फ्याक्स: ५२४७३२
E-mail: mma@mma.org.np

**उद्योग संगठन मोरंग**
शहिद मार्ग, विराटनगर–२
फोन: ०२१-५२५७१२, फ्याक्स: ५२१४४९
E-mail: cim.biratnagar@gmail.com

यसरी, सम्पूर्ण आर्थिक गतिविधि नै नकारात्मकता तर्फ गईरहेको समयमा नीजि क्षेत्रले उठाउदै आएका मागहरुलाई मौद्रिक नीतिले केहि मात्रामा सम्वोधन गरेको भएतापनि उद्योग व्यवसायमा प्रवाह हुने ऋणको ब्याज दर ५ प्रतिशतले घटाउनु पर्ने, बैंकहरुले हरेक वर्ष मनोमानी ढंगले लगाउदै आएको ऋणको नविकरण शुल्कको नियमन गर्ने विषयलाई मौद्रिक नीतिले सम्वोधन गर्न नसकेको हाम्रो ठहर छ ।

अन्तमा, लामो लकडाउनका कारण मारमा परेका उद्योग व्यवसायहरुको पुनरउद्दार गर्न यो मौद्रिक नीतिले केहि सकारात्मक व्यवस्था गरेको भएता पनि यस्को वास्तविक मुल्याङ्कन कार्यान्वयन पछि मात्रै देखिने हुँदा मौद्रिक नीतिको कार्यान्वयनका लागी नेपाल राष्ट्र बैंक समक्ष हार्दिक अनुरोध गर्दछौ ।

(प्रकाश मुन्दडा)
अध्यक्ष
मोरंग व्यापार संघ

(भीम घिमिरे)
अध्यक्ष
उद्योग संगठन मोरंग

२०७७ श्रावण ०४ गते, आईतवार
विराटनगर

Scanned with CamSca